नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन ४२००५०५, ४२००२११, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र सङ्ख्या:-

चलानी नं.:-

## निजामती सेवा दिवस सम्बन्धी

## सूचना

नेपाल सरकारका मुख्य सचिव श्रीमान् शंकरदास वैरागीज्यूको अध्यक्षतामा मिति २०७८।०५।१३ मा बसेको निजामती सेवा दिवस मूल समारोह समिति, २०७८ को बैठकले देहाय बमोजिमका निर्णयहरु गरेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. निजामती सेवा दिवसको आगामी पाँच वर्ष (२०७८-२०८२) को नारा देहाय बमोजिम निर्धारण गर्ने:

**"व्यावसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन"**

२. कोभिड १९ रोगको महामारी फैलिरहेको, स्थानीय प्रशासनको निषेध आदेश कायम रहेको र सम्भावित तेश्रो लहरको प्रभावले जनस्वास्थ्यमा चुनौती थपिन सक्ने भनी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सूचित समेत गराइरहेको अवस्थालाई दृष्टिगत गरी २०७८ भाद्र २२ गते पर्ने निजामती सेवा दिवस स्वास्थ्य मापदण्डको पूर्ण पालना गरी सबै निकायहरुले आआफ्नै कार्यालय परिसरमा सम्भव हुने कार्यक्रम मात्र सञ्चालन गरी मनाउने ।

२०७८।०५।१५
उपसचिव